
# सामुदायिक पत्रकारहरूको आवाज



Community Information Network

World Vision

# सामुदायिक पत्रकारहरूको आवाज

# सामुदायिक पत्रकारहरूको आवाज


| | | |
|---|---|---|
| संयोजन | : | सोहम सुवेदी, अकोराब/सीआईएन<br>सुनिल हाकाजु श्रेष्ठ, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल<br>प्रतिष्ठा कोइराला, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल<br>उपेन्द्र मल्ल, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल |
| सहयोगी | : | रेडियो गोरखा<br>रेडियो धादिङ<br>रेडियो जालपा<br>रेडियो सिन्धु<br>रेडियो शैलुङ |
| प्रकाशक | : | सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)/सीआईएन |
| प्रकाशन सहयोगी | : | वर्ल्ड भिजन इन्टरनेसनल नेपाल |
| सर्वाधिकार | : | © प्रकाशक |
| प्रकाशन मिति | : | कात्तिक, २०७३ |
| लेआउट/प्रिन्टिङ | : | मिडिया क्याफे, अनामनगर, काठमाडौं |

# कार्यकारी सारांश

सामुदायिक पत्रकारिताको अवधारणाअनुसार काम गर्न सहमत भएपछि विनासकारी भूकम्प लगत्तै २०७२ साल साउनदेखि वर्ल्ड भिजन इन्टरनेसनल नेपाल र सीआईएनमार्फत् सामुदायिक रेडियो प्रसारक संघले परीक्षणका रूपमा सामुदायिक पत्रकारिताको अभ्यास गरिरहेको छ । जुन समुदाय वा क्षेत्रमा रूपान्तरणको अपेक्षा राखिन्छ त्यहीँका मानिसले आफ्ना परिवर्तनका सवालहरु पहिचान गरून् भन्ने अभिप्रायले सुरूमा काठमान्डू, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, सिन्धुली र गोरखा जिल्लामा बाल क्लबमा आवद्ध ६० जना जेहेन्दार बालबालिकालाई सामुदायिक सञ्चारकर्ताका रूपमा अभिमुखीकरण कार्यक्रम गरिएको थियो ।

जिल्लातहमा सरोकारवाला निकाय सम्मिलित विषयवस्तु सुझाव समूहले पहिचान गरेका विषय शीर्षकमा सामुदायिक सञ्चारकर्ता पत्रकारले आफ्नै तहमा छलफल गरेर सवाल पहिचान गर्ने र त्यसलाई रेडियोसम्म पुऱ्याउने अनि, रेडियो कार्यक्रम उत्पादकले सरोकारवाला निकायका उत्तरदायी आवाजहरु समावेश गराएर रेडियो कार्यक्रम "जीवन रक्षा बाल सुरक्षा" प्रसारण गर्ने सिलसिला अहिले पनि चलिरहेको छ । जिल्लामा विशेषज्ञले पहिचान गरेको विषय शीर्षकमा गाउँमा बस्ने सामुदायिक पत्रकारले सवाल पहिचान गराएपछि जिल्लाका उत्तरदायी निकाय वा व्यक्तिहरूसँग सवाल-जवाफ गरेर रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा जनताको बानी-व्यवहार परिवर्तन तथा समाज रूपान्तरणमा अमूल्य योगदान दिन सकिन्छ भन्ने कुरा यो प्रयोगले पुष्टि गर्दै लगेको छ । साथै आपूर्ति पक्षलाई उत्तरदायी बनाउन पनि सामुदायिक पत्रकारिताको प्रयोगले सजिलो बनाइरहेको छ ।

समुदायमा उठेका सबै सवालहरु जिल्लामै किनारा नलाग्ने हुन सक्छन् । सामुदायिक सूचना नेटवर्क सीआईएनले जिल्लामा सम्बोधन नभएका सवालहरूलाई आफ्नो केन्द्रीय प्रसारणमा समावेश गर्छ र आपूर्ति पक्षको केन्द्र अथवा नेपाल सरकार वा सरोकारवाला निकायका जिम्मेवार व्यक्तिहरूसँग सवाल-जवाफ गरेर रेडियो कार्यक्रम जीवन रक्षा बाल सुरक्षामार्फत् सहजीकरण भइरहेको छ । अहिले वर्ल्ड भिजनले काम गर्ने जिल्लाका गाविसहरूमा मात्रै परीक्षणका रूपमा यस्तो अभ्यास भइरहेको हो ।

नेपाली मूलधारको पत्रकारिताका लागि समुदायको तल्लो तहको सीमान्त व्यक्तिको घरभित्र पसेर उसकै अवधारणाअनुसार सञ्चार सामग्री उत्पादन गर्नु त्यति सजिलो छैन । त्यसैले बाल क्लबमा आवद्ध भोलिका जुझारू युवालाई समाज रूपान्तरणका लागि गरिने सामुदायिक पत्रकारिताको प्रशिक्षण अभ्यास गराउँदा नेपाली पत्रकारिता क्षेत्रमा विकास पत्रकारितामार्फत् प्रशिक्षित नयाँ जनशक्ति तयार भइरहेको छ । भविष्यमा नेपाली पत्रकारिता क्षेत्रले राजनीतिक मिसन होइन कि विकास वा समाज रूपान्तरणको ध्येयबाट प्रशिक्षत जनशक्ति पाउनेछ ।

वर्ल्ड भिजनसँगको साझेदारीमा सामुदायिक पत्रकारिताको अभ्यासलाई परीक्षण गर्ने क्रममै अहिले सामुदायिक रेडियो प्रसारक संघले दोस्रो तहको परियोजना सञ्चालन गरिरहेको छ । जिल्लामा सामुदायिक रूपान्तरणका लागि काम गर्ने गैरसरकारी संस्थाहरु र सामुदायिक रेडियोले गरिरहेको पत्रकारितालाई सँगैसँगै साझेदारीमा लैजान सके रेडियोको दिगोपनमा पनि टेवा पुग्छ भन्ने अभिप्रायले दोस्रो चरणको प्रयोग भइरहेको छ । अहिले गोरखा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक र दोलखा जिल्लामा सामुदायिक पत्रकारिताको अभ्यास चलिरहेको छ ।

सामुदायिक पत्रकारिताको अभ्यास गर्ने क्रममा समाज रूपान्तरण र बालमैत्री समुदायका लागि साप्ताहिक रेडियो कार्यक्रममार्फत् सामुदायिक पत्रकारहरूले विभिन्न सवाल उठाएका छन् । उनीहरूले उठाएका सवालले भूकम्पपछिको बालमैत्री पुनर्निमाणका सवालहरु पहिचान र कार्यान्वयनमा अमूल्य योगदान दिएको छ । यो प्रकाशनमा संकलित सम्पूर्ण विवरणहरु तिनै सामुदायिक पत्रकारहरूले समुदायबाटै उठाएका विभिन्न सवालहरूको सारसंक्षेप स्वरूप हो ।

# विषयसूची


| | | |
|---|---|---|
| १. | **कार्यकारी सारांश** | |
| २. | **समुदायका लागि सामुदायिक पत्रकारिता** | १ |
| ३. | **सामुदायिक पत्रकारहरूको आवाज** | |
| **३.१** | बाल संरक्षण | ३ |
| **३.२** | शिक्षा क्षेत्र | ७ |
| **३.३** | स्वास्थ्य तथा पोषण | १३ |
| **३.४** | जीविकोपार्जन | १७ |
| **३.५** | आवास क्षेत्र | २३ |
| **३.५** | खानेपानी | २७ |

# सामुदायका लागि सामुदायिक पत्रकारिता

विश्व इतिहासमा लगभग ५ सय वर्ष भयो, प्रकाशन पत्रकारिताको क्रमबद्ध विकास सुरू भएको र सुरूवातदेखि नै यो राज्यसत्ताको नियन्त्रणमा रह्यो । तत्कालीन शासकले प्रेस वा पत्रकारितालाई आफ्नो स्तुतिगानमा सीमित गराएको पनि हो । पछि पत्रकारितामा नयाँ आयामहरु थपिँदै गए । गुटेनवर्गले पहिलो चलायमान छाप्ने मेसिनको आविष्कार गरेपछि हरेक विषयवस्तु छापिनुभन्दा पहिले शासकले पढ्ने चलन चल्यो । त्यसको दुई सय वर्षपछि १७ औँ शताव्दीमा अभिव्यक्ति स्वतन्त्रताको वकालत हुन थाल्यो र स्वतन्त्र प्रेसको बहस सुरू भयो । अमेरिकाको संविधानले सन् १७९१ मा प्रेस स्वतन्त्रता गर्‍यो र समुदायको माथिल्लो वर्गमा प्रेसले स्वतन्त्रतापूर्वक पत्रकारिता गर्ने अवसर पायो ।

पत्रकारितामा सामाजिक उत्तरदायित्वको अवधारणा विकास भएपछि पत्रकारिताले यथार्थ, सन्तुलित र विश्वसनीय विषयवस्तु पस्किनुपर्छ भन्ने अवधारणा आयो । अहिले, इन्टरनेटको द्रुत उपयोग, सामाजिक सञ्जालहरूको विकास, नागरिक पत्रकारिताको अभ्यास र तत्कालै विचार विमर्श हुन सक्ने विद्युतीय सञ्जालहरूका कारण आमश्रोताको सञ्चार साक्षरताको स्तर उच्च हुँदै गएको छ । त्यसैले अब यथार्थ, सन्तुलित र विश्वसनीय हुनुका अतिरिक्त सञ्चार माध्यमले दिने विषयवस्तुले श्रोताको जीवन परिवर्तन, रूपान्तरण वा उत्कृष्ट जीवन यापनका लागि सहयोगी भूमिका खेल्नुपर्छ भन्ने अवधारणाअनुसार सामुदायिक पत्रकारिताको अभ्यास गरिएको हो ।

मूलधारको पत्रकारितामा कुनै बिक्ने खालको घटना, विचार वा सवालमा आधारित रहेर खोजविन गरिन्छ र पत्रकारिताका हरेक प्राविधिक विषय पूरा गर्दै मिडिया विषयवस्तुको रूपमा प्रस्तुत गरिन्छ । तर सामुदायिक पत्रकारितामा झट्ट हेर्दा नबिक्ने खालको घटना, विचार वा सवाललाई लिएर त्यसमा पत्रकारिताका हरेक प्राविधिक कुराहरु पूरा गर्दै मिडिया विषयवस्तु तयार गरिन्छ । त्यस्तो मिडिया विषयवस्तुमा समुदायका लागि तत्कालै फाइदा पुग्ने, बानी व्यवहार परिवर्तन हुने वा जीवन रूपान्तरण हुने कुराहरु हुन्छन् र हुनुपर्छ ।

जस्तो कि आज गाउँमा कसैको घरमा दूध दुहुँदै गर्दा गाईले लात्तीले हानेर गौवा घोप्टियो, महिलाको ज्यानमा हिलो लाग्यो, करिब एक माना दूध पोखियो भने अब उप्रान्त गाईको

लात्ती खानु नपर्ने, महिलाको ज्यानमा हिलो नलाग्ने र दूध नपोखिने अवस्थाका लागि सहजीकरण गर्ने खालको सामुदायिक पत्रकारिता सामुदायिक रेडियोले गर्नुपर्छ । अनिमात्र श्रोताले रेडियो सुनेर भविष्यमा उसको जीवनमा परिवर्तन हुने उपायहरूको जानकारी रेडियोमार्फत पाउन सक्छ र मात्र सामुदायिक पत्रकारिताको अभ्यास हुन्छ भन्ने अवधारणामा आधारित भएर सामुदायिक पत्रकारितालाई प्रयोग गरिएको हो ।

तर, समुदायलाई कुन कुरा आवश्यक हो भन्ने कुरा समुदायकै मानिसले पहिचान गर्नुपर्छ र त्यसमा आपूर्ति पक्ष वा लोक कल्याणकारी राज्यपक्ष उत्तरदायी हुनुपर्छ भन्ने पनि सामुदायिक पत्रकारिताको अवधारणा हो । समुदायका लागि कुनै अमूक व्यक्तिले देखेको रूपान्तरणभन्दा पनि समुदायले चाहेको जीवनोपयोगी विषय दिएर सामुदायिक विकास तथा रूपान्तरण गर्नुपर्छ भन्ने पनि सामुदायिक पत्रकारिताको अवधारणा हो । समुदायका उपल्लो दर्जाको दृष्टिकोणमा आधारित भएर होइन कि समुदायको तल्लो तहको श्रोताको आवश्यकतामा आधारित भएर पत्रकारिता वा रेडियोको विषयवस्तु तयार गरिनुपर्छ भन्ने पनि सामुदायिक पत्रकारिताबारेको हाम्रो अवधारणा हो । यसैअनुसार नै बाल क्लबमा आवद्ध साथीहरूमार्फत सामुदायिक पत्रकारिताको अभ्यास गरिएको हो ।

अहिलेको मूलधारको सञ्चारमाध्यमले दिएका सूचना पनि जानकारीका लागि आवश्यक छन् । तर त्यस्ता जानकारीमात्रै दिने काम मूलधारको सञ्चारमाध्यमको जिम्मामा छोडेर समुदायको परिवर्तनको पहल गर्ने विषयवस्तु उत्पादन र प्रसारणका लागि सामुदायिक रेडियोहरूले सामुदायिक पत्रकारिताको उपयोग गर्नुपर्छ । राज्यको माथिल्लो तहलाई जिम्मेवार बनाएर विस्तारै तल्लो तहमा परिवर्तनहरु पुऱ्याउने र समाज रूपान्तरण गर्ने मूलधारको राष्ट्रिय सञ्चारमाध्यमभन्दा पनि समुदायको तल्लो तह वा व्यक्ति वा परिवारको दैनिकी वा व्यवहार परिवर्तन गराउँदै त्यसलाई समाज, राजनीति, राज्य र नीतिसँग जोड्दै समाज रूपान्तरणका लागि लोक कल्याणकारी राज्य प्रणालीलाई थप उत्तरदायी हुन सघाउनु सामुदायिक पत्रकारिताको मुख्य ध्येय हो ।

**सोहम सुवेदी**
*व्यवस्थापक, सीआईएन*

सामुदायिक पत्रकारहरूका आवाज

# बाल संरक्षण



धादिङको खाल्टे गाविसमा सामुदायिक पत्रकारिता र यसको उपयोगिताबारे लक्षित समूह छलफलमा बोल्दै सामुदायिक पत्रकार ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम सबिना थापा हो । म १६ वर्षकी भएँ । म कक्षा १२ मा पढ्छु । मेरो स्कुलको नाम सुन्दरादेवी उच्च माध्यमिक विद्यालय हो । म नुवाकोटको सुन्दरादेवी गाविसको वडा नं. ५ तामेमा बस्छु । मेरो परिवारमा बुबा, आमा, दिदी र बहिनी हुनुहुन्छ । म युवा क्लबको सदस्य भएकी छु । मेरो युवा क्लबको नाम नेपाल यक्सन युथ नेटवर्क हो । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो जालपाको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

## समुदायको परिवेश

हाम्रो समुदायमा बाल संरक्षणबारे सक्दो प्रयास भइरहेको छ । तर पनि पूर्णरूपमा बाल संरक्षण हुन सकेको छैन । बाल संरक्षण गर्नका लागि विभिन्न संघसंस्थाले सहयोग गर्दै आएका छन् । समुदायमा बालबालिकालाई पनि भेला गराई आफ्नो हक अधिकारबारेमा जानकारी गराइरहेका छन् । बाल संरक्षणका लागि बालबालिकाले मात्र प्रयास गरिरहेका छन् । तर समुदायका मानिस र अभिभावकहरूले सहयोग गरेको अझै पाइँदैन । हाम्रो तामेको वडा नं. ५ मा बालबालिकाका लागि राम्रो शिक्षा, स्वास्थ्य, मनोरञ्जनको व्यवस्था छ तर पनि सबै बालबालिकाका लागि पुऱ्याउन सकेको छैन । बालबालिकालाई यातना दिने, कुटपिट गर्ने, उनीहरूलाई नसक्ने काममा लगाउने चलन अहिले पनि कायमै छ । जस्तैः घाँस दाउराको भारी बोक्न लगाउने, बालबालिकालाई चुरोट, रक्सी, तास किन्न पठाउने, बालबालिकालाई अरूको घरमा काम लगाउने आदि । त्यसैले यस्ता समस्याको समाधानका लागि बाल क्लब, समुदाय र अभिभावकका साथसाथै नेपाल सरकारले पनि बालबालिकाको नीतिको बारेमा आमसचेतीकरण गर्नुपर्दछ । साथै बालबालिकाका लागि उनीहरूलाई आवश्यक पर्ने जस्तैः शैक्षिक सामग्री, स्वास्थ्य, उनीहरूको मनोरञ्जन आदिका लागि व्यवस्था गरिदिनु पर्दछ । यसका लागि सरकार पनि जिम्मेवारी हुनु पर्दछ ।

**सबिना थापा**
सुन्दरादेवी, नुवाकोट

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

म मेरो समुदाय भविष्यमा उन्नतिको बाटोतर्फ लागोस् भन्ने चाहन्छु । मेरो समुदायमा पक्की सडक, विद्यालयलाई समान व्यवहार र समुदायमा भएको सम्पूर्ण बाल संरक्षण राम्रो होस् भन्ने चाहन्छु । कुनै पनि बालबालिकामाथि बाल शोषण नहोस् र सबै बालबालिकाले स्कुल जान पाओस् भन्ने मेरो पहिलो चाहना रहेको छ । र, बालबालिकाका लागि विभिन्न कार्यक्रम र उनीहरूलाई पनि विकास निर्माणका लागि गरिने निर्णय प्रक्रियामा सहभागी गराउनु होस् भन्ने अनुरोध गर्न चाहन्छु ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम सिम्रन श्रेष्ठ हो । म चौतारा नगरपालिका वडा नं. ९ मा बस्छु । म सिद्धि गणेश उच्च माविको कक्षा १० मा अध्ययनरत छु । मेरो रोल नं. ५ हो । मेरो परिवारमा आठ जना सदस्यहरु हुनुहुन्छ । गत २०६८ सालदेखि म बाल क्लबमा सहभागी हुँदै आइरहेको छु । हाल म चौतारा नगर बाल सञ्जालको अध्यक्षका रूपमा कार्यरत छु । मैले २०७३ साल वैशाख १५ गतेदेखि यस चौतारा नगर बाल सञ्जालको अध्यक्षको जिम्मेवारी लिएको हुँ । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो सिन्धुको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

**सिम्रन श्रेष्ठ**
चौतारा, सिन्धुपाल्चोक

## समुदायको परिवेश

मेरो समुदायका अधिकांश मानिस अशिक्षित छन् । त्यसैले मेरो समुदाय मध्यमखालको समुदायमा पर्छ । त्यति धेरै नराम्रो पनि छैन र त्यति धेरै राम्रो पनि छैन । यहाँ बालबालिकामाथि नराम्रो असर परिरहेको छ । यस ठाउँका मानिस मादक पदार्थ सेवन गरी आफ्नो बालबच्चालाई कुटपिट गर्दछन् भने अरूको बच्चालाई हप्काएर त्रासमा राखेका छन् । बालबालिकाले काम नगरेमा कुटपिट गर्ने, यातना दिनेसम्म गरिन्छ । यसले गर्दा बालबालिकाको मस्तिष्कमा नराम्रो असर पर्छ । यहाँका मानिसले जताभावी अश्लील शब्द प्रयोग गर्दा स–साना बालबालिकाले पनि त्यही सिको गरेर छाडा शब्द बोल्दछन् । समुदायमा बालबालिकाको क्षेत्रमा कार्य गर्ने सम्बन्धित निकायहरु भए तापनि बालबालिका अरूको डर–त्रासमा बाँचिरहेका छन् । उनीहरु आफूलाई मन लागेको क्षेत्रमा अघि बढ्न सकेका छैनन् । यस नगरपालिकाको पौवामा बस्ने एकजना भाइ आकाश (नाम परिवर्तन) लाई पनि यस्तै बालश्रममा राखेको पाइएको थियो । ऊ अरूको होटलमा भाँडा माझ्न बसेको रहेछ । उसलाई आफ्नै आमाले बालश्रम गर्न पठाएको भन्ने कुरा हाम्रो वडा बाल संरक्षण समितिबाट अनुसन्धान गर्दा पत्ता लाग्यो । बालक हराउने बित्तिकै खोजी गर्न थालेका थियौं तर फेला भने २ वर्षपछि पऱ्यो । यसरी ऊ २ वर्षसम्म श्रममा परेपछि हाम्रो वडा बाल संरक्षण समितिले उसलाई फकाएर त्याई अहिले कक्षा ७ मा भर्ना गरिदिएको छ र उसलाई विभिन्न छात्रवृत्ति पनि प्रदान गरिएको छ । साथै विभिन्न संस्थाले आयोजना गरेको तालिमहरूमा पनि उसलाई सहभागी गरायौं । नेपाल सरकार तथा सम्बन्धित निकायहरूले तत्कालका लागि हाम्रो समुदायमा विभिन्न बाल संरक्षणसम्बन्धी चेतनामूलक कार्यक्रमहरु गरोस् र बालबालिकाका लागि स्वतन्त्र भई बाँच्ने वातावरणको सिर्जना गरोस् भन्ने जानकारी दिन चाहन्छु ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

म मेरो समुदायको भविष्य एकदमै उज्जवल होस् भन्ने चाहन्छु । भविष्यमा हाम्रो समाजमा कुनै पनि प्रकारको हिंसा, यातनामा बालबालिका पर्न नपरोस्, उनीहरु सबैले आफ्नो अधिकार पाउन सकून् भन्ने चाहन्छु । समुदायमा भएका सबै मानिसमा बालबालिकाप्रति कस्तो व्यवहार गर्नुपर्छ भन्नेबारे सकारात्मक मानसिकता होस् र हाम्रो समाज नैतिकवान भई अझै विकासको गतिमा लम्कियोस् । बालबालिकाहरु सबै सुरक्षित साथ बाँच्न पाउन्, उनीहरूमा कुनै किसिमको नकारात्मक कुराहरूको डर नहोस् र सबै बालबालिका आफूलाई इच्छा लागेको क्षेत्रतर्फ अघि बढ्न पाउन् भन्ने कामना गर्न चाहन्छु ।

सामुदायिक पत्रकारहरूका आवाज

# शिक्षा




अभिमुखीकरण कार्यक्रमपछि दोलखाका सामुदायिक पत्रकारहरूको सामूहिक तस्बिर ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम अजिता कार्की हो । म अहिले १३ वर्षकी भएँ । म दोलखा जिल्लाको श्यामा गाविस ५ स्थित गर्जाङ ढुङ्गा उच्च माविको कक्षा ८ मा अध्ययनरत छु । मेरो बाल क्लबको नाम गर्जाङ ढुङ्गा उच्च मावि बालक्लब हो । म यही बाल क्लबमा आवद्ध छु । झन्डै डेढ वर्षदेखि म "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो शैलुङ्को सामुदायिक पत्रकारका रूपमा सहभागी हुँदै आएकी छु ।

## समुदायको परिवेश

दोलखाको श्यामा भौगोलिक र हावापानी राम्रो भएको गाविस हो । सामाजिक सांस्कृतिक विविधतासँगै सद्भाव र एकता रहेको छ । सदरमुकामबाट दुर्गम गाउँ हो । जिरीदेखि श्यामासम्म कच्ची सडक भएकाले वर्षायाममा यातायातको समस्या पर्ने गर्दछ । २०७२ सालको भूकम्पले श्यामाका सम्पूर्ण घरबार ध्वस्त भएका छन् । विद्यालय भत्केका छन् । भौतिक सुविधाहरूको अभाव छ । विधार्थीले विद्यालय नै छाडेको अवस्थाले नराम्रो महसुस भएको छ । हाल वर्ल्ड भिजन इन्टरनेसनलजस्ता सहयोगी संस्थाले श्यामाका समुदाय र विद्यालयहरूलाई राम्रो सहयोग गर्दै आएको छ । चेतनामूलक कार्यक्रम, राहत सामग्री सहयोग, खानेपानी तथा सरसफाइ शौचालयको सुविधा विस्तार हुँदैछ । सहयोगले गर्दा स्कुल छाडेका बालबालिका फेरि स्कुल फर्कन थालेका छन् । अब विस्तारै भूकम्पको त्रास कम हुँदै गएको छ । घरघर र विद्यालयमा स्वच्छ खानेपानीको सुविधा तथा विद्यालयमा उपयुक्त कक्षाकोठाको आवश्यकता तत्काल पूरा हुनुपर्ने देखिन्छ र सडकको सुविधा हुनुपर्ने देखिन्छ ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु हुन्छ ?

हाम्रो समुदायमा हाल भइरहेको सहयोग र प्रयास निरन्तर रहोस् जबकि सडक सुविधा, स्वच्छ खानेपानी शौचालयको सुविधा, बाल संरक्षण तथा स्तरीय शिक्षा, सामुदायिक सक्रियता, स्वास्थ्य सेवा आदि क्षेत्रमा सुविधा पुग्नेछ । र, हाम्रो समुदाय समुन्नत होस् भन्ने चाहना राख्दछु ।

**अजिता कार्की**
श्यामा-५, दोलखा

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम सरूना राई हो । म १७ वर्षकी भएँ । मेरो घर हल्देकालिका गाविसको वडा नं. ४ जामुने, नुवाकोटमा पर्दछ । मेरो परिवारमा आमा, बुबा, २ जना दाइ, २ जना भाउजु, एक भाइ र एक बहिनी हुनुहुन्छ । म गणेश उच्च माध्यमिक विद्यालयमा पढ्दछु । म जागृति तथा जनचेतना बाल क्लबको सदस्य भएकी छु । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो जालपाको सामुदायिक पत्रकारका रूपमा सहभागी भएकी छु ।

**सरुना राई**
हल्देकालिका, नुवाकोट

## समुदायको परिवेश

मेरो स्कुलमा पढाइ हुने कक्षा कोठा अलि व्यवस्थित छैन । सरसफाइ धेरै कमजोर छ । विद्यार्थीले सफा शौचालय प्रयोग गर्न पाएका छैनन् । स्कुलमा पढाउने शिक्षकको कमी छ । स्कुलमा धारा भए तापनि पर्याप्त मात्रामा पानी आउँदैन र व्यवस्थित हुन सकेको छैन । जनचेतनाको अभावले गर्दा धेरै बालबालिका स्कुलमा आउँदैनन् । केही बालबालिका नजिकको ईँटा भट्टामा काम गर्दछन् । कसैको बुबाआमा साक्षर नभएको कारण बालबालिका स्कुलमा नपठाउने अनि नराम्रो शब्दहरु बोल्ने गर्दछन् । विशेषगरी यस्तो राई समुदायमा भएको देखिन्छ । स्कुलको कोठामा पानी पस्छ । विद्यालयमा खेल मैदान त छ तर खेल खेल्ने सामग्री केही छैन । धेरै व्यक्तिमा जनचेतनाको कमी छ । व्यवस्थापन समितिको बैठक भइरहन्छ । विद्यालयमा जब बाल क्लब गठन भभयो त्यसपछिका दिनमा भने सबैजसो सरहरु बालबालिका र बाल क्लबबारे कुरा गर्न थाल्नु भएको छ। हाम्रो बाल क्बलले पछिल्लो समय उहाँहरूको प्रेरणा पाएको छ ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

मेरो समुदाय भविष्यमा राम्रो होस् भन्ने चाहन्छु । स्कुल वृद्धि हुँदै गएको होस्, स्कुलमा आवश्यक परेको कुरा सबै पर्याप्त भएको होस् । स्कुलका शिक्षकहरु आफैंमा सक्षम भएर विद्यार्थीलाई अघि बढाउन सकेको होस् । समाजका सम्पूर्ण व्यक्ति साक्षर रहोस्, बाल क्लबका सबै समितिहरूले आफ्नो माग पूरा गर्न सकोस् । हल्देकालिकामा जनचेतना फैलिन सकोस् र नुवाकोटको मात्र नभई नेपालकै नमुना ठाउँका रूपमा विकास गर्न सकियोस् ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम एलिजा रेग्मी हो । मेरो घर धादिङ जिल्लाको भूमेश्वर गाविसमा पर्छ । म अहिले कक्ष ९ मा अध्ययनरत छु । मेरो स्कुलको नाम भुवनेश्वरी माध्यमिक विद्यालय हो । म यही स्कुलको भुवनेश्वरी एकता बाल क्लबको अध्यक्षका रूपमा जिम्मेवारी लिएर बाल अधिकारका बारेमा वकालत गर्न थालेकी छु । यही स्कुल र क्लबमार्फत म अहिले "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो धादिङमा सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

## समुदायको परिवेश

म बसोबास गर्ने समुदायमा भूकम्पपश्चात् बालबालिकामा डर र त्रासको वातावरण छाएको थियो । बालबालिकालाई डर र त्रासको वातावरणबाट मुक्त गराउनका लागि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधिका साथै शिक्षण आवश्यक थियो । भूकम्पपश्चात् त्रासमय वातावरणबाट मुक्त गराउनका लागि वर्ल्ड भिजन इन्टरनेसनलले यहाँको विभिन्न गाउँ विकास समितिहरूमा विभिन्न प्रकारका तालिम प्रदान गरी यहाँका बालबालिकालाई धेरै सहयोग गऱ्यो । संस्थाको सहयोगमा विभिन्न तालिमहरू पाएर यहाँका बालबालिका धेरै खुसी छन् ।

एलिजा रेग्मी
भुवनेश्वरी मावि, धादिङ

म बस्ने समुदायमा शिक्षा र बाल संरक्षणसम्बन्धी धेरै कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । विभिन्न विद्यालयमा वक्तृत्वकला, चित्रकला, हाजिरी जवाफजस्ता क्रियाकलाप चलाइरहेको छ । म पढ्ने विद्यालयमा विभिन्न प्रकारका खेलकुद सामग्रीको साथसाथै विभिन्न प्रकारको औषधिहरू र छात्राहरूका लागि स्यानिटरी प्याडसमेत व्यवस्थाले पढ्न सजिलो भएको छ । म बस्ने समुदायमा अहिले धेरै ईँटाभट्टा सञ्चालन भइरहेका रहेका छन् । ती ईँटा भट्टाहरूबाट निस्कने धुँवाले वातावरण प्रदूषण गर्नुका साथै बालबालिकामा पनि असर पुऱ्याइरहेको छ । यहाँको ईँटाभट्टाहरूमा धेरै बालबालिकालाई काम गर्न लगाइन्छ । यस्ता बालबालिका नियमित रूपमा विद्यालय उपस्थित हुन सक्दैनन् । सरोकारवालाहरू र अन्य संस्थाहरूको यसतर्फ ध्यानाकर्षण गर्न सकियो भने यी बालबालिकालाई केही सहयोग पुग्ने थियो ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

मेरो समुदायमा बसोबास गर्ने म जस्तै बालबालिकासहित विभिन्न उमेर समूहका मानिस आफ्नो गाउँटोल सफा गर्न लालयित हुन् भन्ने ठान्दछु । उनीहरू आफ्नो समुदाय सफा विकसित सबै प्रकारको प्रदूषणबाट मुक्त र समुदायका सबैजना शिक्षित भएको हेर्न चाहन्छु । यसैगरी मेरो गाउँमा कुनै पनि बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित हुन नपरोस् । अनि बालबालिकामा स्वास्थ्यको पहुँच होस् र बालबालिकामाथि कुनै प्रकारको अन्याय तथा शोषण नहोस् भन्ने मेरो चाहना छ ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम निरज रेग्मी हो । म १६ वर्षको भए । मेरो घरको ठेगाना बिदुर नगरपालिका वडा नं. ३ को रामनगर हो । मेरो घरमा म, आमा र बुबामात्र छौं । म भीमसेन माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत छु । म सोही स्कुलअन्तर्गत भीमसेन बाल क्लबको सदस्य पनि रहेको छु । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो जालपाको सामुदायिक पत्रकारका रूपमा सहभागी हुँदै आएको छु ।

**निरज रेग्मी**
विदुर-३, नुवाकोट

## समुदायको परिवेश

मेरो स्कुलमा पढाइ राम्रो छ । स्कुलका सर मिसहरु समयमा आउनु हुन्छ । सबै मिस सरहरूले राम्ररी बुझ्ने गरी पढाउनु हुन्छ । सरले हामीलाई नबुझेका बेला २/४ पटकसम्म पनि झर्को नमानी सिकाउनु हुन्छ । स्कुलमा खेलकुद पनि गराउनु हुन्छ । सबै विद्यार्थीले कक्षामा बसेर पढ्न पाएका छन् । सबैले किताब पाएका छन् । अनि स्कुलबाट राम्रो शिक्षा पाएका छन् । तर स्कुलमा अपाङ्गमैत्री राम्रो गुणस्तरीय धारा शौचालय, खेल सामग्रीहरु भने छैनन् । स्कुलका ४ वटा भवन २०७२ वैशाखको भूकम्पले चर्किएका छन् । यही कारण सबै बालबालिका कटेजमा बसेर पढिरहेका छौं । गर्मी महिनामा टहरामा बसेर पढ्दा धेरै गर्मी हुन्छ किनकि स्कुलमा पंखा छैन । भूकम्प आएपछि अलि नराम्रो अवस्था सृजना भएको छ । किनकि कटेजमा बसेर पढ्दा बालबालिकालाई गर्मीले सताउने र बाहिरको नराम्रो गन्ध पनि आउने भएकाले पहिलाभन्दा अहिले नराम्रो छ ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

मेरो गाउँ राम्रो भई विकास भएको देख्न चाहन्छु । मेरो गाउँमा सडक अनि खानेपानीको राम्रो व्यवस्था भएको होस् । अनि त्यसपछि मेरो टोलमा भएको स्कुलको संरक्षण पनि होस् ताकि यसम पछिपछिसम्म भविष्यका कर्णधारहरु पढ्न पाउन् । र, स्कुलमा तारबार लगाएर अनि गेट हालेको देख्न पाइयोस् । टोलका सबै धारामा पानी आएको र टोलको हाम्रो गुम्बाको पनि संरक्षण भएको देख्न चाहन्छु ।

सामुदायिक पत्रकारहरूका आवाज

# स्वास्थ्य तथा पोषण



सिन्धुपाल्चोकको दमैबिसौँना पीपलडाँडामा लक्षित समूह छलफलका सहभागी ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम सोमना तामाङ हो । म गैरीमुदी-३, दोलखामा बस्छु । मेरो विद्यालयको नाम श्री विष्णु माध्यमिक विद्यालय हो । म कक्षा ९ मा अध्ययनरत छु । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो शैलुङको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

## समुदायको परिवेश

हाम्रो समुदायमा विभिन्न किसिमको नराम्रो चलन थियो । हाम्रो समुदायका मानिस बिरामी हुँदा अस्पतालमा तत्काल नलगी धामीझाँक्रीको विश्वासमा झार फुक गरी बिरामीलाई झन् शिथिल अवस्थामा पुऱ्याइन्थ्यो । त्यसकारण समुदायमा धेरै मानिसको अकालमै मृत्यु हुन्थ्यो । अहिले विस्तारै हाम्रो समुदायका मानिस शिक्षित भए र हाम्रो समुदायको विकासका क्रम पनि बढ्दै गएको छ । त्यस क्रममा हाम्रो समुदायमा शिक्षित वर्ग बढ्दै गयो । समय परिस्थिति र परिवर्तनको कारण हाम्रो समुदायमा विकासको क्रम जारी नै छ । सबै मानिस शिक्षित भएपछि झन् हाम्रो समुदायको विकासको बाटोमा डोऱ्याउन सहयोग पुग्यो । तर पनि उपयुक्त स्वास्थ्य सेवाको पर्याप्त व्यवस्था भने गर्न सकिएको छैन । स्वास्थ्य सेवा सजिलो रूपमा पाउन सके अनाहकमा मानिसले आफ्नो अमूल्य ज्यान गुमाउनु पर्दैनथ्यो । स्वास्थ्य सेवा सहज रूपमा भएमा गर्भवती महिला, बालबालिका, वृद्धवृद्धालाई निकै सहज हुने थियो ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

म मेरो समुदाय भविष्यमा सबै कुरा परिपूर्ति खानेपानीको अभाव नभएको सबै सुविधा भएको, गर्भावस्था तथा सुत्केरी महिलाको स्वास्थ्य तथा पोषणमा सबैले ध्यान दिएको, बालबालिकाको अधिकार र हक संरक्षित भएको, बालबालिकालाई शिक्षाको अधिकारबाट कतै वञ्चित नगरिएको हेर्न चाहन्छु ।

**सोमना तामाङ**

गैरीमुदी-३, दोलखा

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम रविन थापा हो । मेरो घर पालुङटार १२, गोरखामा अवस्थित छ । म जनता उच्च माध्यमिक विद्यालयको कक्षा १० मा पढ्छु । मेरो बुवाको नाम शिवजी थापा र आमाको नाम संगीता थापा हो ।

## समुदायको परिवेश

म समुदायको अवस्था र त्यसका लागि आवश्यक पर्ने तत्कालको सहयोग तथा गतिविधिको बारेमा नेपाल सरकार तथा जिम्मेवार निकायलाई विभिन्न प्रकारको जानकारी दिन चाहन्छु । सबैभन्दा पहिले त हाम्रो समुदायको अवलोकन गर्नुहोस् र जुन ठाउँ ठीक छ त्यसलाई अझ राम्रो बनाउन र नभएकालाई विभिन्न आर्थिक तथा भौतिक सहयोग गरिदिन जानकारी दिन चाहन्छु ।

**रबिन थापा**
पालुङटार, गोरखा

आँपपिपल गाउँ विकास समितिमा बालबालिकाको शिक्षा, बाल संरक्षण, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, आवास र जीविकोपार्जनको राम्रो व्यवस्था छ । सबै बालबालिका विद्यालय आउने गरेका छन् । यस गाउँमा प्रायः सबैले बालबालिका विद्यालय पठाएकै हुन्छन् । सबै बालबालिकाको संरक्षणका लागि आमाले राम्रो हेरचाह गर्छन्, नियमित रूपमा स्वास्थ्य चौकी लैजान्छन् र पोषिलो खाना तथा स्वच्छ पानी र सरसफाइमा बालबालिकाको विशेष ध्यान राखिन्छ । आवास भूकम्पले भत्काए पनि कटेरोमै होस् बालबालिकाको राम्रो हेरचाह गरिएको छ ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु हुन्छ ?

म मेरो समुदाय भविष्यमा बालमैत्री होस् भन्ने चाहन्छु । बालबालिकाको इच्छापूर्ति र बजेटमध्येको केही अंश बालबालिकाका लागि खर्च होस् भन्ने चाहन्छु र बाबुआमाले आफ्नो कर्तव्य छोराछोरीको शिक्षाका लागि अहिलेभन्दा राम्रोसँग जिम्मेवारी पूरा गरेका हुन् । बालबालिकाको स्याहारसुसार, खानपान, लालनपालन, शिक्षा, स्वास्थ्यको अवस्था अहिलेभन्दा राम्रो होस् भन्ने चाहन्छु । म मेरो समुदायमा सुत्केरी तथा अन्य आमाहरूको पनि स्थान उकासियोस् भन्ने चाहन्छु ।

सामुदायिक पत्रकारहरूका आवाज

# जीविकोपार्जन



गोरखामा सामुदायिक पत्रकारहरू अभिमुखीकरण तालिममा सहभागी हुँदै ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम राज गुरूङ हो । मेरो घर धादिङ जिल्लाको खाल्टे गाउँ विकास समिति वडा नं. १ स्थित पाल्ते गाउँमा पर्छ । म यहीँको शंखादेवी माध्यमिक विद्यालयको कक्षा ७ मा अध्ययनरत छु । शंखादेवी माध्यमिक विद्यालयअन्तर्गत गठन भएको सिर्जनशील बाल क्लबको अध्यक्षको जिम्मेवारी मलाई दिइएको छ । हाम्रो क्लबले बालअधिकारका विषयमा वकालत गर्नुका साथै विभिन्न गतिविधिहरु पनि सञ्चालन गर्दै आएको छ । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि म रेडियो धादिङको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

**राज गुरूङ**
खाल्टे-१, धादिङ

## समुदायको परिवेश

मेरो घर समुदायमा पर्याप्त आम्दानीको स्रोत छैन । यस कारणले दैनिक खर्च धान्न अप्ठ्यारो भइरहेको छ । अधिकांश मानिसको आम्दानीको स्रोत कृषि भए पनि खेतीपातीबाट उल्लेख्य आम्दानी हुन सकिरहेको छैन । दैनिक व्यवहार चलाउनका निम्ति ऋण लिनुपर्ने बाध्यता अहिले पनि चलिरहेको छ । कृषिको माध्यमबाट जीविकोपार्जन सहज बनाउन नयाँ प्रविधिको प्रयोगका लागि ज्ञान तथा तालिम प्रदान गरेमा जीविकोपार्जनमा सफलता पाउन सक्छन् ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु हुन्छ ?

म मेरो गाउँको हरेक परिवारले आफूमा सीप, ज्ञान तथा क्षमताको विकास गरेर सहज तरिकाले जीविकोपार्जन गरेको हेर्न चाहन्छु । यसका लागि राज्यले समुदायमा उपयुक्त वातावरणको सिर्जना गरिदियोस् भन्ने कामना पनि गर्छु । अनि, यो समुदायका बालबालिकाले उपयुक्त शिक्षा, स्वास्थ्यको अवसर पाउने छन् । म सधैं कामना गर्छु मेरो समुदाय समुन्नत होस् । जनता सुखी र खुसी भएको हेर्न चाहन्छु ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम सुस्मिता गिरी हो । मेरो घर सिन्धुपाल्चोक, साँगाचोक ५ मा अवस्थित छ । म १५ वर्षको भएँ । म गाउँकै साँगाचोक ९ स्थित जनविकास माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत छु । मेरो रोल नं. १ हो । मेरो विद्यालयको बालक्लबको नाम प्रगतिशील बालअधिकार मञ्च हो । यस क्लबको म सदस्य हुँ । म यस बालक्लबमा २०७२ देखि संलग्न हुँदै आएको छु । म साँगाचोक गाविसस्तरीय बाल सञ्जालको पनि सदस्य हुँ । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो सिन्धुको सामुदायिक पत्रकारका रूपमा म सहभागी छु ।

**सुस्मीता गिरी**
साँगाचोक, सिन्धुपाल्चोक

## समुदायको परिवेश

हरेक व्यक्तिले जीवन निर्वाहका लागि विभिन्न पेसा अपनाएका हुन्छन् । मेरो समुदायमा बस्नेले पनि जीविकोपार्जनका लागि विभिन्न पेसा गर्दछन् । मेरो समुदायका मानिसहरूमध्ये कोही कृषि पेसामा संलग्न छन्, कोही विदेश गएका छन् भने कोही काम गर्न सहर गएका छन् । तिनीहरूले राम्रै आयआर्जन गरेका छन् र आफ्नो आयआर्जनको रकमले बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषणजस्ता कुरामा खर्च गरेका छन् । जसले गर्दा बालबालिकाको जीवनस्तर गुणस्तर रहेको छ । तर मेरो समुदायमा महिला, अपाङ्गता भएका मानिसलाई जीवन निर्वाह गाह्रो छ । कतिपयको कृषि पेसाले नधान्ने अवस्था रहेको छ । यस किसिमका परिवार भने आफ्ना बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, आवासजस्ता कुरामा सेवा पुऱ्याउन सकेका छैनन् । गरिबीको रेखामुनि परेको परिवारका बालबालिका श्रम शोषण, बेचविखनजस्ता जोखिममा पर्ने सम्भावना पनि बढी हुन्छ । त्यस कारण मेरो समुदायका सबै मानिस जीवन निर्वाहका लागि सक्षम बन्नु चुनौतीपूर्ण विषय बनेको छ । समुदायका सबै सदस्य जीविकोपार्जनका लागि सक्षम भए भने गरिबी हट्छ । तबमात्र सबै बालबालिकाले शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता प्राप्त गर्न सक्छन् । मानिसलाई सक्षम बनाउन सरकार तथा जिम्मेवार निकायले महत्वपूर्ण भूमिका निभाउन सक्छन् । गरिबी निवारण तथा जीविकोपार्जनमा सबैलाई सक्षम बनाउन नेपाल सरकार तथा निकायले महिला तथा अपाङ्गता भएकालाई उपयुक्त सीप तथा तालिमको व्यवस्था गर्ने र अन्य व्यक्तिलाई पनि स्वरोजगारका विभिन्न सीप सिकाउनु पर्छ । जीवन निर्वाहका लागि सबै सक्षम भए भने बालबालिकाले शिक्षा, स्वास्थ्य, पोषण आदिको सुविधा पाउँछन् ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

म मेरो समुदाय भविष्यमा सबै मानिस जीविकोपार्जनका लागि आयआर्जन गर्न सक्षम होउन् । सबै बालबालिकाले आधारभूत आवश्यकता जस्तैः गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, आवास आदि उपभोग गर्न पाउन् । कोही पनि बालबालिका आफ्ना आवश्यकता पूर्तिबाट वञ्चित नहोउन् । समुदायमा रहेको गरिबी र बेरोजगारीको अन्त्य होस्, बालबालिका गरिबीका कारण श्रम शोषण, बेचविखन आदिमा नपरून् । सबै परिवारले आफ्ना बालबालिकालाई स्तरीय शिक्षा, स्वास्थ्य उपलब्ध गराउन सक्षम होउन् भन्ने चाहन्छु ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम अनिश खत्री हो । म बौद्ध भूवनेश्वरी माध्यमिक विद्यालयको विद्यार्थी हुँ । म जिरी नगरपालिका १ भिरखर्कमा बस्छु । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो शैलुङ्गको सामुदायिक पत्रकारका रूपमा सहभागी रहँदै आएको छु ।

## समुदायको परिवेश

हालको परिवेशमा मेरो गाउँमा त्यति नराम्रो अवस्था छैन । अहिलेको २१ औ शताब्दीमा पनि हाम्रो गाउँमा विकासको पूर्वाधर पुगेको देखिँदैन । दिगो विकासका काम पनि भएको छैन । कृषि क्षेत्रमा पनि खासै विकास भएको छैन । कृषि क्षेत्रमा विकास हुन सडक मार्ग पूर्णरूपमा विकास भएको छैन । अझै पनि पुरानै प्रविधिको प्रयोगबाट खेतिपाती गरिरहेका छन् । आधुनिक प्रविधिको प्रयोग गर्न सरकारले किसानहरूलाई उत्प्रेरित गर्नुपर्छ । अझ कृषि क्षेत्रमा विकास गर्ने हो भने यसमा विशेष जोड दिनुपर्छ । सरकारले किसानलाई अहिलेको अवस्थामा कम ब्याजदरमा ऋण प्रदान गर्नुपर्छ । खानेपानीको समेत समुदायमा समस्या छ । सर्वप्रथम सरकारले बजारसम्म पुग्ने गरि पक्की सडक निर्माण गर्न बजेट छुट्याउनु पर्छ ।

**अनिश खत्री**
जिरी-१, दोलखा

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

मेरो समुदायको हरेक क्षेत्र विकास होस् भन्ने चाहन्छु । कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गरी कृषि क्षेत्र विकास भएको हेर्न चाहन्छु । विकासका पूर्वाधारहरु सबै पूर्णरूपमा निर्माण होस् भन्ने चाहन्छु। मेरो गाउँ समुदायमात्र होइन सिङ्गो देश नै विकास होस भन्ने चाहन्छु।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम गौरव ढुंगाना हो । म धादिङको खाल्टे गाउँ विकास समिति वडा नं. ५ को पतेनी गाउँमा मेरो घर छ । खाल्टेकै पतेनी निम्न माध्यमिक विद्यालयमा म पढ्छु । यही विद्यालयअन्तर्गत गठन भएको पतेनी बल क्लबमा पनि म आवद्ध रहँदै आएको छु । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो धादिङको सामुदायिक पत्रकारका रूपमा म सहभागी छु ।

## समुदायको परिवेश

**गौरब ढुंगाना**
खाल्टे ५, धादिङ

हाम्रो समुदायमा क्षेत्री, ब्राह्मण र दलित जातिको बसोबास रहेको छ । यहाँ अति न्यून आय भएका मानिसको बसोबास रहेको छ । अधिकांश मानिस अति कमजोर आर्थिक स्थितिबाट गुजारा चलाइरहेका छन् । यस समुदायमा बसोबास गर्ने कसैको पनि राम्रो आम्दानीको स्रोत छैन । निर्वाहमुखी कृषि प्रणालीले अझ यहाँको बासिन्दालाई दिन प्रतिदिन कमजोर बनाउँदै लगेको स्थितिमा २०७२ को भूकम्प र यसपछिको पराकम्पनले यहाँको बासिन्दाको जीविकोपार्जन दयनीय बनाएको छ । चुनौतीका रूपमा देखिएको कुरा भन्नु पर्दा हाम्रो समुदायमा निर्वाहमुखी खेती प्रणालीमात्र भएको र समुदायको बासिन्दालाई यस्तो व्यावसायिक खेती प्रणालीमा कुनै पनि ज्ञान छैन । म नेपाल सरकार तथा अन्य जीविकोपार्जनसम्बन्धी काम गर्ने जिम्मेवार निकायले यस समुदायमा जीविकोपार्जनका निम्ति सहज पुग्ने कार्यक्रम सञ्चालन गरिदिए सबै सुखी हुने थिए ।

यी र यस्तै धेरै अप्ठेरा सप्ठेरालाई सहँदै खाल्टे गाविस १ पाल्लेका श्याम गुरूङ डेढ रोपनि जग्गामा अकबरे खुर्सानी गरेर वर्षमै कम्तीमा २५ हजार कमाउँछन् । यसले के कुरा स्पष्ट गर्छ भने यो गाउँमा गरे जे पनि हुन्छ । यसका लागि मात्र जागर र अवसर चाहिन्छ ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

हाम्रो समुदायका मानिसको राम्रो आयआर्जन भएमा यसले गाँस, बास र कपासका साथै शिक्षा, स्वास्थ्य, खानेपानीलगायत सम्पूर्ण जीवनयापनका क्षेत्र र अन्य विकासमा समेत सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

सामुदायिक पत्रकारहरूका आवाज

# आवास



सिन्धुपाल्चोकको दमैबिसौँना पीपलडाँडा भूकम्प प्रभावितसँग छलफल गर्दै सामुदायिक पत्रकार, पृष्ठभूमिमा प्रभावितहरूको अस्थायी बास ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम प्रमिला रानामगर हो । म अहिले १४ वर्षकी भएँ । म साँगाचोक गाविसस्थित जनजागृति उच्च माविको कक्षा ९ मा पढ्छु । मेरो घर साँगाचोक गाउँ विकास समिति वडा नं. २ भण्डाँडामा पर्छ । म हाम्रो विद्यालयको गाविसस्तरीय बाल सञ्जालको सचिव हुँ । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो सिन्धुको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

## समुदायको परिवेश

२०७२ वैशाख १२ गतेको महाभूकम्पले अन्य ठाउँभन्दा बढी क्षति भएको जिल्ला सिन्धुपाल्चोक हो । यहाँलगायत अन्य ठाउँहरूमा घर भत्किएर धेरै धनजनको नाश भएको छ । कयौं मानिस र जीवजन्तुहरूको ज्यान गएको छ । जसको कारण मानिसहरु हप्तौंसम्म खुला आकाशमुनि रातदिन बिताउन बाध्य भएका थिए । तर अहिले ती मानिसहरु सामान्य जस्तापाता र राहतमा पाएको त्रिपालको भरमा आफ्नो गुजारा चलाइरहेका छन् । अहिलेसम्म यो अवस्थाबाट उनीहरूले छुटकारा पाउन सकेका छैनन् । यस्तो विपद्को अवस्थामा पनि हाम्रो समुदायका मानिस एकापसमा मिलेर बसेका छन् । एकअर्काको अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न अग्रसर हुन्छन् । सबैले थोरै थोरै भए पनि राहत पाएर मन बुझाएका छन् । यिनै हाम्रो नेपाली समाजको सबैभन्दा राम्रो कुरा हो । तर यस्तो विपद्को अवस्थामा धेरै बालबालिका यौन दुर्व्यवहार, हिंसा, शोषण, ओसारपसार र बेचबिखनमा पर्न सक्छन् । जसले गर्दा समाजमा थुप्रै नराम्रो विकृति र चुनौतीहरु देखा पर्न थालेका छन् । विद्यालय भवन भत्किनाले विद्यार्थीले शान्त वातावरणमा पढ्न पाएका छैनन् । व्यवस्थित घर नहुँदा हावाहुरीजस्ता प्राकृतिक प्रकोपको कारण बस्ने घरमा बढी समस्या देखिएको छ । हाम्रो समुदायमा बढी घर भत्किएकाले आवासको निकै आवश्यक छ किनकि भूकम्प गएको १ वर्ष भए पनि सरकारले पुनर्निर्माण कुनै काम सुरू गरेको पाइँदैन । हाम्रो समुदायमा तत्काल आवासको अति आवश्यक परेकाले सरकारले पुनर्निर्माणको कार्य छिटो सुरू गरोस् र जनतालाई दिने भनेको बजेट छिट्टै समानुपातिक ढङ्गले प्राप्त गरोस् भन्ने चाहन्छौँ । हाम्रो समुदायमा भूकम्पपश्चात् बालबालिकामाथि नराम्रो व्यवहार गर्ने उनीहरूलाई श्रम शोषण गर्ने र ओसारपसार गर्नेजस्ता नराम्रो विकृति बढेकाले यसका लागि सरकारले विशेष किसिमको बाल संरक्षणसम्बन्धी जोखिमलाई तर्कपूर्ण, सहभागितामूलक, संगठित र समन्वयात्मक तरिकाले व्यवस्थित गर्नु आवश्यक छ ।

**प्रमिला रानामगर**
साँगाचोक, सिन्धुपाल्चोक

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

मेरो समुदाय भविष्यमा नमुना गाउँ होस् भन्ने चाहन्छु । जस्तै : समुदायका सबै मानिसहरूले शिक्षा पाएको होस्, अन्धविश्वासजस्ता खराब चालचलन घटेको होस् । चोरी डकैती, लुटपाट, हिंसा र हत्याजस्ता विकृतिबाट मुक्त होस्, बालबालिकाका लागि स्वतन्त्र रूपमा पढ्न पाउने विद्यालय होस्, खानेपानीको सुविधा होस्, भूकम्पजस्ता प्राकृतिक प्रकोपबाट बच्न सक्ने घर होस्, सडक यातायातको व्यवस्था होस् । सरकारले प्रदान गर्ने सबै सेवा सुविधा समान रूपले उपभोग गर्न सक्ने होस् र बाँच्नका लागि आफैंले पेशा गरेर जीवन चलाउन सक्ने होस् ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम पुष्प लामिछाने हो । मेरो घर धादिङ जिल्लाको कटुन्जे गाउँ विकास समिति वडा नं. ७ मा रहेको छ । म यही गाउँको महेन्द्र बाराही उच्च माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययनरत छु । हाम्रै स्कुलमा गठन भएको महेन्द्र बाराही बाल क्लबमा मलाई अध्यक्षको जिम्मेवारी दिइएको छ । यो क्लब बाल अधिकारका क्षेत्रमा क्रियाशील छ । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि म रेडियो धादिङको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

## समुदायको परिवेश

**पुष्प लामिछाने**
कटुञ्जे ७, धादिङ्ग

२०७२ वैशाख १२ गते गएको महाभूकम्पले मेरो समुदायको अधिकांश घरहरु भत्किएका छन् । जसले गर्दा समुदायका मानिसहरु अस्थायी टहरामा बसिरहेका छन् । विभिन्न समस्याहरु पैदा भइरहेको छ । समय समयमा हावाहुरीले छाना उडाउने, वर्षातको समयमा पानी छिर्ने, भल छिर्ने, फोहोर हुनेजस्ता समस्याले मेरो समुदायलाई सताइरहेको छ । गरिबी तथा न्यून आयको कारण सुरक्षित घर निर्माण हुन सकेको छैन । हाम्रो समुदायमा चैत र वैशाखको समयमा आएको हावाहुरीका कारण प्रायः सबैको जस्तापाता उढाएको थियो । हामी सबै गाउँले मिलेर जस्तापाता खोजेर अस्थायी टहरा बनाइदिएका थियौं ।

हाम्रो समुदायमा अस्थायी रूपमा बसोबास गरेका कारण वरपर फोहोर मैला हुन थालेको छ । त्यसको न्यूनीकरण गर्नका लागि म नेपाल सरकार तथा जिम्मेवार निकायलाई के भन्न चाहन्छु भने भूकम्पका कारण जो मानिस अस्थायी रूपले बसोबास गर्दै आइरहेका छन् र आर्थिक कारणले घर बनाउन सकिरहेका छैनन् त्यसका लागि घर निर्माण गर्न केही आधार प्रदान गरियोस् भन्न चाहन्छु । घर वरिपरि तथा समुदाय सरसफाइयुक्त बनाउन विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन हुनका साथै आवास निर्माणका लागि विभिन्न कार्यक्रम तथा तालिम प्रदान गर्न म जिम्मेवार निकाय तथा राज्यलाई सुझाव दिन चाहन्छु ।

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

२०७२ वैशाख १२ गतेको भूकम्पबाट जे जति समस्याहरु देखा परेका छन् त्यस्ता समस्या निर्मूल होस् । सुरक्षित घरमा मानिसहरु बसेको देख्न पाउँ भन्ने चाहन्छु । मेरो समुदाय सरसफाइयुक्त होस् । कुनै पनि बालबालिका आधारभूत शिक्षाको अधिकारबाट वञ्चित हुनु नपरोस् ।

सामुदायिक पत्रकारहरूका आवाज

# खानेपानी



दोलखाको श्यामा गाविसमा सामुदायिक पत्रकारिताबारे आयोजित समुदाय छलफलका सहभागीहरु ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम शारदा रिजाल हो । म १७ वर्षकी भएँ । मेरो १२ जनाको परिवार छ । मेरो घरमा बुबा, आमा र दाइहरु हुनुहुन्छ । म नुवाकोट जिल्ला बिदुर नगरपालिका वडा नं. ९ जोगीटारमा बस्छु । म कुनै पनि बाल क्लबमा संलग्न छैन । "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो जालपको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

## समुदायको परिवेश

मेरो गाउँमा खानेपानीको अवस्था नराम्रो छ । यहाँ धेरै समस्या छन् । खानेपानीका कारण धेरै मानिस बेलाबेलामा बिरामी परिरहन्छन् । पानीकै कारण बालबालिकाको स्वास्थ्य अवस्था पनि राम्रो छैन । हाम्रो गाउँमा सरसफाइको अवस्था सन्तोषजनक छैन । फोहर पानी र वातावरणले धेरैजसो मानिस बिरामी भई रहन्छन् । धेरै बिरामी हुँदा बालबालिका नियमित विद्यालय जान सक्दैनन् । शौचालय अभावले अझै पनि धेरै मानिस खुला दिसापिसाब गर्छन् । यही कारणले गर्दा खानेपानीमा धेरै समस्या आइरहेको छ ।

**शारदा रिजाल**

बिदुर-९, नुवाकोट

## तपाईको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

म मेरो समुदाय भविष्यमा धेरै राम्रो भएको देख्न चाहन्छु । हाम्रो वडाको ठाउँ ठाउँमा नगरपालिकाले कन्टेनर राखेको, घरघरमा शौचालय भएको, फोहर उठाउन नगरपालिकाबाट मानिसहरु आएको र सफाइ गरेको देख्न चाहन्छु ।

## छोटकरीमा परिचय र ठेगाना

मेरो नाम कल्पना गुरूङ हो । म धादिङ जिल्लाको गुम्दी गाउँ विकास समिति वडा नं. ३ स्थित छेलाङ भन्ने ठाउँमा बसोबास गर्दै आएकी छु । यही गाविसस्थित तामाङखर्क उच्च माध्यमिक विद्यालयको कक्षा १० अध्ययनरत छु । यही विद्यालयअन्तर्गत बुद्धज्योति बाल क्लबको सदस्यमा रहेर बाल अधिकारका विषयमा आफ्नो सक्रियता देखाउँदै आएकी छु । हाम म "जीवन रक्षा बाल सुरक्षा" रेडियो कार्यक्रमका लागि रेडियो धादिङको सामुदायिक पत्रकारका रूपमा सहभागी छु ।

## समुदायको परिवेश

हामी बसोबास गर्ने गुम्दी गाउँ विकास समितिमा पहिलेको भन्दा धेरै परिवर्तन आएको छ । हाम्रो गाउँमा विभिन्न सहयोगी संघसंस्थाको सहयोगबाट मानिसहरु पहिलेको भन्दा पानीबाट सिर्जित रोगहरूबाट कम पीडित छन् । भूकम्पपश्चात् पानीको मुहान सुकेको र मुहान भएको ठाउँमा पनि पाइप फुटेर स्वच्छ खानेपानीको अभावमा दूषित नै प्रयोग गर्नुपर्ने बाध्यता थियो । यही कारण पानी भर्न धेरै टाढा जानुपर्ने साथै दूषित पानी पिउनुपर्ने अब भने बिस्तारै हटेको छ। यस्तो अवस्थामा वर्ल्ड भिजनका साथै अन्य धेरै संघसंस्थाबाट पानी शुद्धीकरणका लागि चेतनामूलक कार्यक्रमका साथसाथै पीयूष वितरण गर्नुभयो । पानीको स्रोत हेरेर मुहानको मर्मत तथा खानेपानी व्यवस्थापन गर्ने काम वर्ल्ड भिजन इन्टरनेसनलले गरिरहेको छ । धेरै घरहरूमा शौचालय थिएन । अहिले भने शौचालय बनाउनका लागि सहयोग प्राप्त भएको छ । यस्ता विभिन्न कार्यक्रमबाट यहाँको जनतालाई सहयोग पुगेकै छ ।

**कल्पना गुरुङ**
गुम्दी-३, धादिङ

## तपाईंको समुदाय भविष्यमा कस्तो होस् भन्ने चाहनु भएको छ ?

माथि उल्लेखित सम्पूर्ण कामहरु संघसंस्थाहरूको सहयोगबाट मेरो गाउँका मानिसले प्राप्त गर्न सफल भए जुन म भविष्यमा हाम्रो सरकारले गरिदियोस् भन्ने आशा राख्दछु । म मेरो समुदायका मानिस शिक्षित रोजगार तथा स्वस्थ्य भएको हेर्न चाहन्छु ।



अभिमुखीकरण कार्यक्रममा सहभागी नुवाकोटका सामुदायिक पत्रकारहरु ।

# सामुदायिक पत्रकारहरूको आवाज